
annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक १६४, पृष्ठ ८ | काठमाडौं, शुक्रबार ३१ असोज २०८२ | कार्तिक कृष्णपक्ष एकादशी, नेपाल संवत् ११४५ | FRIDAY, OCTOBER 17, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

## संवैधानिक पदहरू : नियुक्ति गर्ने कि कुर्ने ?




अन्तरिम प्रधानमन्त्री सुशीला कार्कीको नेतृत्वमा मुलुकले फागुन २१ गते जसरी पनि चुनाव गराउनै छ। यो दायित्वसँगै संवैधानिक निकायहरूको रिक्तता शासन सञ्चालनको ठूलो चुनौती बनेको छ। प्रतिनिधिसभा विघटनसँगै नियुक्ति गर्ने संवैधानिक परिषद् स्वयं अपूर्ण छ। निर्वाचन गराउने निर्वाचन आयोग कार्यवाहक प्रमुखको भरमा छ। संविधानले तोकेका १३ मध्ये करिब आधा निकाय कार्यवाहक वा रिक्त अवस्थामा चलिरहेका छन्। यो अवस्थाको पार लगाउँदै नियुक्ति टुंग्याउन कति सम्भव, कति असम्भव छ ? आजको चर्चा यसमै केन्द्रित छ।

**दिनेश गौतम** | *काठमाठौं*

**– को रिपोर्ट**

समाचार पृष्ठ २

## ११ देशका राजदूत फिर्ता बोलाउने सरकारको निर्णय

**काठमाडौं** (अन्नपूर्ण) : सरकारले ११ देशका राजदूतलाई फिर्ता बोलाउने निर्णय गरेको छ। तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले नियुक्त गरेका ११ देशका राजदूतलाई फिर्ता बोलाउने निर्णय गरिएको सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले बताए।

चीन, जर्मनी, इजरायल, कतार, रूस, साउदी अरब, स्पेन, मलेसिया, बेलायत, अमेरिका र जापानका राजदूतलाई फिर्ता बोलाउने निर्णय गरिएको हो। जसअनुसार चीनमा राजदूत कृष्णप्रसाद ओली, मलेसियामा नेत्रप्रसाद तिमल्सिना, जर्मनीमा शैल रूपाखेती, इजरायलमा धनप्रसाद पण्डित, कतारमा रमेशचन्द्र पौडेल, रूसमा जंगबहादुर चौहान, साउदी अरबमा नरेशविक्रम ढकाल, स्पेनमा सनिल नेपाल, बेलायतमा चन्द्रकुमार घिमिरे, अमेरिकामा लोकदर्शन रेग्मी र जापानमा दुर्गाबहादुर सुवेदी थिए। कात्तिक २० गतेभित्र फर्किसक्न निर्देशन पनि दिइएको उनले बताए।

## बीपी प्रतिष्ठानको औषधि खरिद बिक्रीमा ५० लाख घोटाला

**रत्नप्रसाद आचार्य** | *सुनसरी*

बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानले सञ्चालन गरेको फार्मेसीमा ५० लाख रुपैयाँभन्दा बढीको औषधि घोटाला गरी आर्थिक अनियमितता गरिएको पाइएको छ। प्रतिष्ठानले खरिद गरेको ५ करोड ५० हजार रुपैयाँबराबरको औषधिमध्ये करिब ५० लाखबराबरको औषधि हिनामिना भएको प्रमाण फेला परेपछि प्रतिष्ठानभित्र ठूलो आर्थिक अनियमितता भएको घटना बाहिरिएको छ।

प्रतिष्ठानको फार्मेसी सञ्चालन समितिका संयोजक तथा प्रतिष्ठानका निर्देशक डा. जगतनारायण प्रसाद, तत्कालीन डेपुटी निर्देशक डा. लोकेश जैसवाल, फार्मेसी इन्चार्ज लक्ष्मण महर्जन र फार्मेसीका कर्मचारी विवेक दाहालको मिलेमतोमा घोटाला भएको प्रारम्भिक निष्कर्षमा प्रतिष्ठान पुगेको




छ। सो घोटालामा प्रतिष्ठानले फार्मेसीका सञ्चालनका लागि कर्मचारी आपूर्ति गर्ने ठेक्का पाएको केटीएम सेक्युरिटी प्रालिको समेत संलग्नता देखिएको छ।

प्रतिष्ठानका रजिस्ट्रार सूर्यप्रसाद संग्रौलाले फार्मेसीमा करिब ५० लाख रुपैयाँबराबरको औषधि घोटाला भएको पुष्टि गर्दै दोषीमाथि कारबाही प्रक्रिया अघि बढाइने बताए। उनले भने, 'सम्बन्धित कर्मचारीलाई निलम्बन गरेर छानबिन अघि बढाउने तयारी भएको छ।'

» बाँकी पृष्ठ ६

